स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री सुपुष्पा भट्टको नाममा अहिले तीन फिल्म मात्र छन् । 'रणवीर' डेब्यु यी अभिनेत्रीले त्यसपछि 'छ माया छपक्कै' र 'चपली हाइट ३' मा काम गरिन् । केही समयअघि फिल्म निर्माता रौनकविक्रम कँडेलसँग वैवाहिक जीवनमा बाँधिएकी सुपुष्पाको हातमा अहिले कुनै फिल्म छैन । तर प्रदर्शनको तयारीमा रहेको 'दिमाग खराब'को प्रमोसनल गीतमा सुपुष्पा फिचर्ड छिन् । काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा सुपुष्पा हट अवतारमा पेश भइन् ।

**आजको विचार...**



अधिकारको...
(दुई पेजमा)

भागरथी भट्ट



कलाकारलाई कहिले लगातार असफलता मिल्छ त कहिले सफलता । एक समय फिल्मबाट लगातार असफलता हात पारेकी अभिनेत्री मिरुना मगरले अहिले भने सफल फिल्ममा ह्याट्रिक मारेकी छन् । अर्थात उनी लगातार तीन फिल्म हिट दिन सफल भएकी हुन् । संयोगको कुरो के छ भने तीन वटै हिट फिल्ममा उनको जोडी अभिनेता दयाहाङ राई छन् । उनले पछिल्लो समय 'कबड्डी ४', 'जारी' र 'नाङ्गो गाउँ' फिल्म हिट भएका हुन् । एक समय लगातार षलप फिल्म दिएकी उनलाई 'अन लक्की नायिका'को ट्याग समेत लाग्यो ।

❐ वर्ष २९ ❐ अंक ७९ ❐ २०८० असोज १७ गते बुधबार 4 October 2023, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# भिण्डीले बजार नपाएपछि किसान समस्यामा

**रासस**

**रामपुर (पाल्पा),** असोज १६/ व्यावसायिक उत्पादन गरिएको भिण्डी (रामतोरियाँ) ले बजार नपाउँदा यहाँका किसान चिन्तित बनेका छन् । घरायसी प्रयोजनका लागि मात्रै भिण्डी लगाउँदै आएका किसानले यसपटक व्यावसायिक रूपमा खेती गरेका थिए ।

पाल्पाको रामपुर नगरपालिका-६ स्थित प्याक्लुकमा करिब १२ रोपनी जग्गा भाडामा लिएर स्थानीय गंगाप्रसाद बस्याल, राधिका बस्याल र सिर्जना आचार्यले सामूहिकरूपमा भिण्डी खेती गरेका थिए । अहिले उत्पादित भिण्डीले बजार नपाएको गंगाप्रसादले बताए । "रामपुरको बजारलाई मध्यनजर गर्दै व्यावसायिक रामतोरियाँ खेती सामूहिकरूपमा सुरु गरियो, उत्पादन असाध्यै राम्रो छ, तर बिक्रीका लागि बजार छैन, बजार अभावमा टिपेर त्यसै फाल्नुपरेको छ", उनले भने । हाल दैनिक न्यूनतम ५० किलोदेखि बढीमा एक सय ५० किलोसम्म भिण्डी उत्पादन भइरहेको उनले बताए । स्थानीय बजारमा बिक्री नभएपछि स्याङ्जाको वालिङ बजारमा सस्तो मूल्यमा ढुवानी खर्चेर पठाउन बाध्य भएको आचार्य बताए ।

"दिनहुँ भिन्डी उत्पादन भइरहेको छ, स्थानीय बजारका व्यापारीले यहाँको उत्पादन खरिद गर्दैनन्, सस्तो मूल्यमा बाहिर पठाउँदा लागत पनि उठाउन धौधौ परेको छ", उनले भने, "बजारीकरणको राम्रो प्रबन्ध नहुँदा हामी किसानलाई मार खेप्नु परिरहेको छ ।" गत जेठदेखि उत्पादन दिन थालेको भिन्डी हालसम्म ७५



क्विन्टलभन्दा बढी उत्पादन भइसकेको छ । यस क्षेत्रमा उत्पादन भएको भिण्डीको बजार मूल्य सरदरमा न्यूनतम प्रतिकिलो रु ४० देखि बढीमा रु एक सयसम्म रहेको छ । उत्पादन भएको भिण्डीमध्ये सात क्विन्टल भिण्डी रामपुर बजारमा खपत नभएको किसान बताउँछन् । बोटमा अझै पनि उत्पादन दिइरहेको छ ।

दैनिक भिण्डी टिपेर बाहिरका बजार खोज्दै पठाउनुपर्दा किसानलाई खेती गरेर लागत उठाउन समस्या परिरहेको छ । अहिलेसम्म भिण्डी बिक्रीबाट करिब रु तीन लाखसम्मको आम्दानी भएको राधिकाले बताइन् । बजार अभावमा दुई क्विन्टलभन्दा बढी भिण्डी घरमै कुहाएर फाल्न बाध्य भएको उनले गुनासो गरिन् ।

अहिले भिण्डीको मूल्य बजारमा प्रतिकिलो रु ५० देखि ५५ रहेको किसान बताउँछन् । किसानले लागतअनुसारको मूल्य पनि पाउँदैनन् भने भनेको समयमा बजार सहज नहुँदा उत्पादन बेला(बेलामा त्यसै खेर फाल्नु परिरहेको छ । भिण्डीबाट राम्रो उत्पादन लिन सकिने सम्भावना छ । बजारीकरणको झन्झटले किसानले भरसक यसको व्यावसायिक खेती गर्न मन पराउँदैनन् । टिपेर धेरै दिनसम्म राख्न नमिल्ने भएकाले यसका लागि फल टिप्नेबित्तिकै बजार चाहिन्छ । रामपुरको बजारमा बुटवल, तराई लगायतका बाहिरका बजारबाट कृषि उपज भित्रिने गरेकाले व्यापारीले स्थानीय उत्पादनलाई महत्व दिँदैनन् । विषादी प्रयोग गरिएका सस्ता कृषि उपज खरिद गरी बिक्री गर्ने आदत परेका व्यापारीले स्थानीय उत्पादन भरसक खरिद गर्न खोज्दैनन् । कालीगण्डकी बेँसीको मुख्य केन्द्रका रूपमा रहेको पाल्पाको रामपुर सहरीकरणका रूपमा विकास भइरहेको छ । यहाँ जनघनत्व बढ्दै गएपनि बाहिरबाट ठूलो परिमाणमा उपभोग्य सामग्री आयात भइराखेको छ । बाहिरी उत्पादनका वस्तुसँग स्थानीय वस्तुले प्रतिस्पर्धा गर्न नसक्दा बजार समस्या निम्तिएको छ ।

## सक्षिप्त समाचार

### हजारौं नागरिक भोकमरीको जोखिममा : राष्ट्रसंघ

**(रासस/एएफपी)**

**नैरोबी,** असोज १६/सुडानको हिंसात्मक द्वन्द्वबाट पलायन भएका हजारौँ दक्षिण सुडानी शरणार्थीहरूले 'भोकमरी आपत्काल'को सामना गरिरहेको संयुक्त राष्ट्रसंघले जनाएको छ । ती मध्ये ९० प्रतिशत शरणार्थीको धेरै दिन खानाबिना बितिरहेको राष्ट्रसंघले बताएको छ ।

सुडानका सेना प्रमुख अब्देल फत्तह अल-बुर्हान र उनका पूर्वसहायक मोहम्मद हाम्दान दाग्लोप्रति बफादार सेनाहरू बीचको लडाइँका कारण पछिल्लो पाँच महिनामा करिब तीन लाख दक्षिण सुडानी नागरिकहरू घर फर्कन बाध्य भएको राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले बताएको छ । सो संस्थाका अनुसार यो संकटले पाँच वर्षमुनिका २० प्रतिशत बालबालिका कुपोषित हुनुका साथै कम उमेरका पीडितहरूलाई गम्भीर असर पुगेको छ । मध्य अप्रिलदेखि सुरु भएको द्वन्द्वयता कम्तीमा सात हजार पाँच सय मानिसले ज्यान गुमाइसकेका छन् । हिंसा रोक्ने धेरै युद्धविराम असफल भएका छन् । जसका कारण हजारौँ मानिस सुडानका सीमातिर धकेलिएका छन् भने धेरै क्षेत्रमा मानवीय संकटको त्रास उत्पन्न भएको छ । दक्षिण सुडानीहरू पहिले नै व्यापक मानवीय आवश्यकताहरूको सामना गरिरहेको मुलुकमा फर्किरहेको डब्लुएफपीले जनाएको छ ।

"आज आइपुगेकाहरू द्वन्द्वको सुरुको साताहरूमा भागेका परिवारभन्दा पनि अझ धेरै कमजोर अवस्थामा छन्", डब्लुएफपीले भनेको छ । विश्वको सबैभन्दा गरिब मुलुकमध्येको एक दक्षिण सुडान सन् २०११ मा सुडानबाट स्वतन्त्र भएको थियो । तर स्वतन्त्र भएको केही समयमै हिंसात्मक द्वन्द्वको चपेटामा पर्दा भर्खरै जन्मेको देश विभाजित हुँदै आघातमा पर्यो ।

## सुविधा सम्पन्न घर भाडामा

सुन्दर नगर तानसेनको कैलाशनगरस्थित ''होटल रानीमहल'' नजिकै हिमश्रृखलाको दृश्यावलोकन गर्न मिल्ने, गार्डेन र पार्किङ्गको समेत व्यवस्था भएको, एट्याच बाधरुम, तातो चिसो पानीको व्यवस्था भएको घर भाडामा छ ।

सरकारी, गैरसरकारी कार्यालय, होमस्टे, रेष्टुरेण्ट समेत सञ्चालन गर्न मिल्ने, कम्पाउण्ड भएको घर भाडामा लिन इच्छुक संघ, संस्था, व्यक्ति वा परिवारले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं : ९८४७५९७७७०**

# आज विश्व पशु दिवस मनाइँदै

**पाल्पा,** असोज १६/आज विश्व पशु दिवस मनाइँदैछ । जनावरको संरक्षणको बारेमा सचेतना जगाउन हरेक वर्ष अक्टोबर ४ तारिखमा विश्व पशु दिवस मनाउने गरिन्छ ।

सन् १९२५ अर्थात् लगभग ९३ बर्सअघि जर्मनको बर्लिनमा जर्मन लेखक हेनरिच जिमरम्यानले विश्वमै प्रथम जनावर दिवस मनाएका हुन् । सन् १९२९ बाट औपचारिक रूपमै अक्टोबर ४ मा यस दिवस मनाउन थालियो, यस दिनमा इटालियन सन्त फ्रँन्सिस अफ एसिसी को जन्मदिन पनि पर्न गएको हो, यी सन्तलाई ११ औं शताब्दीबाट अहिलेसम्म पर्यावरण र जनावर मैत्री समाजका प्रवर्तक र प्रचारक का रूपमा चिनिन्छ । पशुका अधिकार र तिनीहरुप्रति गरिने मानवीय व्यवहारका बारेमा विवेचना गरिनु यस दिवसको मुख्य उद्देश्य रहेको छ ।




पशुपंक्षी सबैका लागि चासोका विषय हुन् जो हेर्न र देख्न पाउँदा बेग्लै अनुभव हुन्छ । जंगलमा पाइने र घरपालुवा जीवजन्तुहरु हाम्रा लागि विशिष्ट र अति महत्वपूर्ण हुन् । चाडपर्वका बेला होस् वा अन्य समयमा पशुपंक्षीहरुको आृनै महत्व रहेको हुन्छ । यिनीहरुको महत्व आफैमा विशिष्ट छ । कुकुर तिहार, गाई तिहार, गोरु तिहार लगायतका चाडहरुले त जनावरको विश्वमा उपस्थितीलाई नै पूर्नव्याख्या र पूर्नपरिभाषित गरिदिएको छ । हामी मध्ये हरेक मानिसले जनावरहरुको संसारलाई केही हदसम्म खुकुलो पार्न सक्दछौं । केही जनावर खतरनाक हुन्छन् त केही मैत्री हुन्छन्, जे होस् पृथ्वीमा बस्ने अधिकार सबैलाई समान छ । जनावरलाई खाना, वस्तु, उत्पादन या दासका रुपमा मात्र नहेरिकन असल मित्र र समान प्राणीका रुपमा बुझ्न जरुरी छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मुलुकमा आवश्यकताको पहिचान

समयको गतिसँगै भर्खरै निर्माण भएर कार्यान्वयनको चरणमा रहेको लोकतान्त्रिक संविधानको रक्षा र देशभरिका जनताको चाहना विपरित युवापुस्ता पलायन हुनुपर्ने बाध्यताले गर्दा पनि यो मुलुकले प्रगति गर्न सकेन भन्नेहरुका लागि सरकारको तर्फबाट होस् या विपक्षी दलहरु किन नहुन् सबै मिलेर देश र जनताका न्यूनतम आवश्यकताको परिपूर्ति गर्ने कार्यमा लाग्नु नै आजको आवश्यकता हो । नेताहरु अब देशलाई अराजकताबाट मुक्त गर । लोकतान्त्रिक मूल्य र मान्यताका आधारभूत कार्यशैलीहरुमा व्यापक सुधारको खाँचो देखियो । आफैंमा आचरण र व्यवहारसँगै नेतृत्व हस्तान्तरणको कार्यदीशालाई राम्रोसँग अवलम्वन गर । देशलाई आर्थिकरुपमा मात्रै होइन, अनुशासन र कर्तव्यबोधको खडेरीले च्यापिरहेको अवस्थाबाट अब यसलाई मुक्त गर्नुको कुनै पनि विकल्प छैन । राजा, राज्य रजौटा हटाएर लोकतन्त्रको मसिहा बन्ने तरखरले सताई रहेको मुलुकका पुराना दलहरु प्रति नयाँ पुस्ताले पत्याउनै गाह्रो पर्ने गरी भएका विभिन्न क्रियाकलाप र सरकार सञ्चालन तथा व्यवस्थापन प्रतिको वितृष्णाले अहिले मुलुक ग्रस्त अवस्थामा रहेको आभाष भइरहेको छ ।

दिनहुँ भ्रष्टाचारका फाइल खोलिँदै छन्, अनि त्यतिकै तिव्रताका साथ ती फाइलहरु बन्द गर्नुपर्ने बाध्यात्मक अवस्थाप्रति अब गम्भीर भएर सोंच्ने र समाधानका उपायहरु खोज्ने बेला भएको छ । समस्या कहाँ छ ? कति छ र कसरी समाधान गर्ने भन्ने विषय गम्भीर भएर सोंच्नुपर्ने अवस्था हुँदाहुँदै पनि सरकार र नेपालका कुनै पनि राजनैतिक दलहरुले नसोच्दा यी र यस्ता समस्याहरु आएका हुन् । समस्याको समाधान त कहाँ, पहिचान समेत गर्न नखोज्नेहरु सरकारमा विद्यमान छन् । सरकार चलाएर मात्रै पुग्दैन, सरकार चलाएमान र जनपक्षीय छ भन्ने कुराको आभाष हुने खालको वातावरण निर्माण गर्नु पनि महत्वपूर्ण पक्ष हो । यस विषयमा सरकार अत्यान्तै गैरजिम्मेवार भएको छ । यी र यस्ता समस्याको पहिचान गरेर समाधान खोज्दै अगाडि बढ्नुको विकल्प छैन ।

## Opinion @ Social Network

मन खुशी नहोला तर मुहारमा हासो भने सधैं हुनेछ
किनकी जीवनको भोगाई जे-जस्तो भएपनि अरुको हेराईका सधैं आहा ! हुनुपर्छ ।
(**काजल मगर्नीको फेसबुक स्टाटस** *https://www.facebook.com/magarni.kajal*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अधिकारको लडाइँ, आरक्षण र सामाजिक विभेद



भागरथी भट्ट

*महिला अधिकार संरक्षण र संवर्धन गर्न विभिन्न संघ, संगठनहरू स्थापना भएका छन् । महिला अधिकारकर्मीहरूले महिलाको विकास र सहभागिता सम्बन्धी कामलाई अझ व्यवस्थित र प्रभवकारी ढङ्ले गर्न चाहन्छन् । तर त्यस्ता संस्थामा पनि महिलाले महिलालाई विभेद गरेका, महिलाले नै महिलाको विकास र विस्तारका लागि अवरोध बनेका विषय छायामा पर्छन् । यस्तो विषय उठान गर्न पनि महिला अधिकारकर्मीहरू पछि पर्नु हुँदैन । पुरुषसँग अधिकार खोस्नका लागि महिलाबाटै महिलाहरू पछि नपरून् । महिलाबाटै महिला पीडित नबनून् । दशकौँदेखि महिलाले भोगेका दुःख, कष्ट र उत्पीडनका भोगाइ सुनाइ नसक्नु छन् । समाजमा पितृसतात्मक सोचले जरो गाढेर बसेको छ । ती जरा उखेलेर फाल्न अझै केही समय लाग्ने देखिन्छ । यसका लागि महिलाहरूले सशक्त र प्रभावकारी रूपमा पहल कदमी चाल्न अपरिहार्य छ । आफ्ना धारणा, विचार र अमूर्त कुरा बुझ्ने क्षमताको कमीका कारण सरुवाती दिनमा आफू पीडित भएको थाहा हुँदैन । पीडित भएको थाहा भए पनि बोल्ने साहस र हिम्मत हुँदैन ।*

नेपालको संविधान २०७२ ले हरेक निकायमा महिला सहभागिता ३३ प्रतिशत हुनुपर्ने व्यवस्था गरेको छ । तर अहिलेको परिवेशमा यो अपर्याप्त छ । किनभने महिला भन्ने वित्तिकै दोस्रो दर्जाका रूपमा हेर्ने पात्र, प्रवृत्ति र संस्कृति अझै पनि व्याप्त छ । संविधानमै महिलाको अनिवर्या सहभागिता ३३ हुनु राम्रो हो । बाँकी चाहिँ ६७ प्रतिशतमा पनि महिलाले प्रतिस्पर्धा गर्न पाए पनि महिलाको लागि त्यो अवसरमा पर्नु निकै कठिन चुनौती हो । किनभने नेपाली समाजमा महिलाले अवसरमा प्रतिस्पर्धा गर्नेभन्दा ठूलो जिम्मेवारी घरपरिवार सम्हाल्नुपर्ने अवस्था अझै छ । त्यसैले संविधानबाटै महिलालाई कमजोर देखाइनु आश्चर्यजनक विषय हो । विकसित समाजमा समान सहभागिता खोजिन्छ । महिला र पुरुषको क्लस्टर छुट्याइनु विकसित समाजको अभ्यास होइन । महिला र पुरुष बराबर हुन् भन्ने भाष्य हरेक समुदाय र राष्ट्रले निर्माण गर्न सक्नु पर्छ । तब मात्रै महिला पुरुष बराबर हौँ भन्ने व्यवहारको विकास हुन्छ ।

महिला अधिकार संरक्षण र संवर्धन गर्न विभिन्न संघ, संगठनहरू स्थापना भएका छन् । महिला अधिकारकर्मीहरूले महिलाको विकास र सहभागिता सम्बन्धी कामलाई अझ व्यवस्थित र प्रभवकारी ढङ्गले गर्न चाहन्छन् । तर त्यस्ता संस्थामा पनि महिलाले महिलालाई विभेद गरेका, महिलाले नै महिलाको विकास र विस्तारका लागि अवरोध बनेका विषय छायामा पर्छन् । यस्तो विषय उठान गर्न पनि महिला अधिकारकर्मीहरू पछि पर्नु हुँदैन । पुरुषसँग अधिकार खोस्नका लागि महिलाबाटै महिलाहरू पछि नपरून् । महिलाबाटै महिला पीडित नबनून् । दशकौँदेखि महिलाले भोगेका दुःख, कष्ट र उत्पीडनका भोगाइ सुनाइ नसक्नु छन् । समाजमा पितृसतात्मक सोचले जरो गाढेर बसेको छ । ती जरा उखेलेर फाल्न अझै केही समय लाग्ने देखिन्छ । यसका लागि महिलाहरूले सशक्त र प्रभावकारी रूपमा पहल कदमी चाल्न अपरिहार्य छ । आफ्ना धारणा, विचार र अमूर्त कुरा बुझ्ने क्षमताको कमीका कारण सरुवाती दिनमा आफू पीडित भएको थाहा हुँदैन । पीडित भएको थाहा भए पनि बोल्ने साहस र हिम्मत हुँदैन । तर समाजमा घट्ने एकपछि अर्को घटना, महिलाहरूले भोग्नुपरेका ती दर्दनाक पीडालाई नजिकबाट नियाल्दा, दिनप्रतिदिन विस्तार भइरहेको सामाजिक सञ्जालको प्रयोग र सञ्चार माध्यमको साहयताले पनि व्यक्ति आफू पीडित बनेको महसुस गर्न सक्छ, बुझ्न सक्छ ।

सामान्यतः पितृसत्ता भन्नाले पिता या 'कुलपति' को सत्ता भन्ने बुझिन्छ । विभिन्न क्षेत्र, संगठन हेर्दा पुरुष प्रमुख वा सर्वेसर्वा हुन्छ । पितृसत्तामा पुरुषले स्थान पाउँछ । आजभोलि यस शब्दलाई धेरैले पुरुषप्रधानका रूपमा व्याख्या पनि गर्छन् । सृष्टिमा समान रूपमा विकसित भएका नारी र पुरुषको आफ्नै महत्त्व र भूमिका हुन्छ । ती दुईवटैका आफ्नै विशेषता हुन्छन् । तर उनीहरूको लिङ्ग विभेदको मानक बन्छ । एउटा बच्चाले यो संसार देख्न नपाउँदै आमाको गर्भबाटै उसले विभेद भोग्नुपर्ने विडम्बना हाम्रो समाजमा छ । छोरा भए पाल्ने र छोरी भए फाल्ने गलत प्रवृत्ति एउटा संस्कृतिका रूपमा स्थापित भएको छ । बच्चा जन्मिसकेपछि पनि छोरालाई बोर्डिङ र छोरीलाई सरकारी विद्यालय पढाएर आमाबुवाले थप कलिलै उमेरमा कहिल्यै नमेटिने अमिलो विभेद स्थापित गरिदिन्छन् । यस्ता कार्यले त्यो बच्चाको कलिलो मानसपटलमा कस्तो प्रभाव पार्ला ?

हरेक समाजमा पितृसत्ताको स्वरूप फरक छ । तर विभेद समान छ । यो विभेदको विषयमा विभिन्न कालखण्डमा विभिन्न आन्दोलन नभएका होइनन् । तर ती आन्दोलन आन्दोलनमै सीमित बने । आमाको पेटबाट सुरु भएको विभेद, एउटा घर, समाज हुँदै राष्ट्रिय समस्याका रूपमा विस्तार हुन्छ । नेपालको इतिहासमा आममहिलाका तर्फबाट उठेका आन्दोलनको सन्दर्भमा हेर्दा योगमाया न्यौपानेको समूहले तत्कालीन समयमा गरेको सांस्कृतिक सामाजिक विद्रोहलाई आन्दोलनको थालनीका रूपमा लिन सकिन्छ । यसमा तर्क र विवाद गर्न सकिने धेरै ठाउँ भए पनि आम महिलाको मुद्दामा शासकहरूलाई चुनौती दिएको देखिन्छ । द्वारिकादेवी ठकुरानी र मंगलादेवी सिंहले नेपाली महिलाको हक अधिकारका लागि गर्नुभएको सैर्ष पनि इतिहासका पानामा लेख्न लायक छ । विभिन्न कालखण्डमा महिला अधिकार र सहभागिताबारे विभिन्न विद्रोह भएका छन् । यस्ता विविध आन्दोलन र विद्रोह भए पनि विभेदको अन्त्य भने हुन सकेको छैन । नारीलाई दोस्रो दर्जाका रूपमा हेरिने परिपाटी र पितृसत्ताले निर्माण गरेका नीति, नियम र व्यवहारमा हुने लैङ्गिक विभेदले धेरै समस्या निम्त्याएको छ । कुनै न कुनै हिंसाबाट महिला पीडित भएका छन् । तर ती विषय भने बाहिर आउन सकेका छैनन् । कुनै ठाउँमा पीडित महिलालाई धम्क्याएर प्रमाण नष्ट गरेका तथा लुकाएका उदाहरण प्रशस्त छन् । नेपालमा पनि महिलाहरू उच्च पदमा पुगेका छन् । नेतृत्व तथा निर्णायक भूमिकामा कतिपय महिला पुगेका छन् । तर उनीहरुले महिलाको हक अधिकार प्रदान गर्ने, व्यवहारमा उतार्ने विषयमा भने कमजोर देखिएका दृष्टान्त छन् । अझै पनि सुदूर-कर्णालीका विकट जिल्लाका महिला तथा किशोरीले पुरुषबाट विभेद सहेर बस्नुपर्ने बाध्यता छ । कतिपयले पीडा सहन नसकेर अकालमै मृत्युवरण गर्नुपरेका घटनाहरू गणना गर्न नसकिने अवस्थामा छन् । एउटा विद्यालयन तहमा पढ्दै गरेकी किशोरीले विद्यालयको कुनै अतिरिक्त क्रियाकलापमा भाग लिन पनि सकस भोगको घटना प्रयाप्त छन् । छोरी मान्छे भएर बाहिर घुम्न जानु हुँदैन । राति घर बाहिर बास बस्नु हुँदैन भन्ने सोच अझै पनि अधिकांश समुदायमा छ । यी घटना सम्झिँदा अझै पनि मन झसङ्ग हुन्छ । पङ्क्तिकारकै कुरा गर्दा अहिले कुनै राजनीतिक दलका भ्रातृ संस्थामा आबद्ध छ । विद्यार्थी राजनीतिक गर्दै गर्दा अधिकांश पुरुषहरूले भन्ने कुरा हो, 'अब उपमेयर लड्नु पर्छ ।' हुन त ती पुरुष मित्रहरूले मलाई श्रद्धापूर्ण ढङ्गले पनि भनेका हुन सक्छन् । तर त्यसलाई म पितृसत्तात्मक सोचका रूपमा लिन्छु । ती पुरुष मित्रहरूलाई म प्रश्न गर्न चाहन्छु- मैले उपमेयरकै लागि तयारी किन गर्नु पर्ने ? म मेयरका लागि चुनाव लड्न असक्षम हो ? महिलाले मेयरका लागि चुनाव लड्न नपाइने हो ? कि म महिला भएकै कारण उममेयरमै चित्त बुझाउनु पर्ने हो ? महिलाले जहिले पनि क्लस्टर वा सामानुपातिकमा मात्रै लड्नु पर्ने हो ? यो मानसिकता कहिलेसम्म ? नेपालको संविधान २०७२ मा छिद्र खोजेर महिलाको हक अधिकार कुण्ठित गर्ने क्रम रोकिएको छैन । राजनीतिक प्रणाली फेरिए पनि नारीमाथि अन्याय र असमानता अन्त्य भएको छैन । नारीलाई कमजोर तथा शक्तिहीन ठानेर पन्छ्याउने परिपाटीको अन्त्य हुन सकेको छैन ।ससाना पददेखि उच्च पदसम्म बहुमत नेतृत्व पुरुषकै छ । राज्यका अधिकांश स्थानीय तहमा प्रमुख पदमा पुरुष नै छन् । महिला समानुपातिकमा सीमित भएको अवस्था छ । संविधानले दिएको ३३ प्रतिशतको कोटा पुऱ्याउनकै लागि मात्रै पनि महिलालाई पद दिए जस्तो गर्ने पात्र र प्रवृत्तिको अन्त्य हुन सकेको छैन । घरको भान्सादेखि हुने महिलामाथिको विभेद देशको सर्वोच्च निकायमा पनि देखिन्छ । घरको कामकाज र समाजको व्यवहारमा महिलामाथि हुने र गरिने भेदभाव, अपमान, नियन्त्रण, शोषण तथा हिंसा त्यही पितृसत्ताका विभिन्न रूप हुन् । हामीले पुरुषको पितृसत्तात्मक सोचविरुद्ध आवाज उठाएर अगाडि बढ्न सकेमा महिलामैत्री समाज निर्माण गर्न टेवा पुग्छ । महिलाप्रतिको व्यवहार परिवर्तन गर्न सकेमा पुरुषको वर्चस्व न्यून हुन सक्छ । तब मात्रै समाजमा समानताको बिगुल बजाउन सकिन्छ । नारामा समानताको संज्ञा दिएर व्यवहारमा अपमानको अराजकता अबको महिलाले कदापि सहन सक्दैनन् । ***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : चोटपटकको भय छ सचेत रहनुहोला, तर पनि शुभ कार्यको थालनी हुनेछ । | **तुला** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । सामाजिक कार्य अघि बढ्नेछ। |
| **बृष** : मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ । | **बृश्चिक** : समाजसेवामा मन लाग्ला । शिक्षामा सामान्य सफलता मिल्नेछ । |
| **मिथुन** : मनोरञ्जन पूर्वक दिन बित्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ । | **धनु** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला, कुनै कुराले मन प्रसन्न रहला। |
| **कर्कट** : सामाजिक कार्यमा सफलता मिल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ। | **मकर** : समाजसेवामा मन लाग्नेछ । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ । |
| **सिंह** : प्रेममा मनमुटाव आउनेछ । गरेका काममा ढिलासुस्ती हुनेछ । | **कुम्भ** : प्रयत्न गरे फाइदा लिन सकिनेछ। साथीभाइसँग समय बित्नेछ । |
| **कन्या** : आदर्श व्यक्तिसँगको सहकार्यले नयाँ अनुभव मिल्ने र नयाँ योजना बन्नेछ। | **मीन** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्। वित्तिय संस्थाबाट सहयोग पाइनेछ । |

## मनोरञ्जन

# ‘रावायण’ निर्माताको खातामा हालिदिए अनमोलले १० लाख



सुदर्शन थापाको निर्देशनमा फिल्म ‘रावायण’मा काम गर्ने भनेर अभिनेता अनमोल केसीले गत साउनमा पेश्कीबापतको १० लाखको चेक बुझेका थिए । तर, दुवै पक्षबीच कागजी सम्झौता भएको थिएन । विश्वासको भरमा काम अगाडि बढेको थियो । जब निर्देशक थापा सुटिङमा निस्कन तयार भए तब अनमोल काम गर्न मानेनन् । त्यसपछि उत्पन्न भएको विवाद प्रहरी हुँदै अदालतसम्म पुग्यो ।

सुदर्शनकी श्रीमती तथा निर्मात्री सुप्रिया कटुवालले असोज ८ गते आपराधिक विश्वासघातको आरोपमा १ करोड १५ लाख क्षतिपूर्ति माग गर्दै अनमोलविरुद्ध प्रहरीमा उजुरी दिएकी थिइन् । त्यही आधारमा असोज १२ गते उनी पक्राउ परे । असोज १४ गते प्रहरीले उनलाई हाजिरी जमानीमा रिहा गऱ्यो । रिहा भएकै भोलिपल्ट अनमोलले निर्मातालाई आफूले लिएको १० लाख फिर्ता गरेका छन् । उनका म्यानेजर भनिने निराजन गिरीले सोमबार ‘रावायण’की निर्मात्री चन्द्रकला कटुवाल (सुप्रिया)को बैंक खातामा मंगलबार रकम जम्मा हुने गरी चेक डिपोजिट गरेका छन् । पक्राउपछि प्रहरीसँगको बयानमा भने अनमोलले स्क्रिप्ट चित्त नबुझेकाले फिल्ममा काम गर्न अस्वीकार गरेको र आफूले लिएको पेश्कीबापतको १० लाख फिर्ता गर्न खोज्दा समेत निर्माताले लिन नमानेको बताएका थिए । अनमोलले निर्मातालाई पैसा फिर्ता गरे पनि तनाव ज्यूँकात्यूँ छ । प्रहरीमा बकाइदा उजुरी परेकाले छलफलका लागि उनी जुनसुकै बेला उपस्थित हुनुपर्नेछ । यही सर्तमा उनलाई प्रहरीले रिहा गरेको हो । उनी अनुमतिबिना देश छाडेर समेत जान पाउने छैनन् । निर्माताले १ करोड १५ लाख क्षतिपूर्ति माग गरेकाले यो विषयमा छिनोफानो गर्न अब प्रहरीले दुवै पक्षसँग सहमतिको प्रयास गर्नेछ ।

*-फिल्मी खबर डटकम*

# पैसा लिएर सिनेमा नखेल्ने पुरानै प्रवृत्ति : सरोकारवाला भन्छन्- समस्या बाहिर ल्याउनु हुँदैन



चलचित्र क्षेत्रसँग सम्बन्धित विभिन्न संस्थाका पदाधिकारीले पारिश्रमिकको लेनदेन र समयका विषयमा कलाकार र निर्माताबीच समस्या रहेको स्वीकार गरेका छन् । यो समस्या लामो समयदेखि रहेको उनीहरूको भनाइ छ । यस्ता घटनाले चलचित्र क्षेत्र नै बदनाम भइरहेको उनीहरूको गुनासो छ । चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला यस्तो समस्या नेपाली चलचित्र उद्योगमा सुरुदेखि नै रहेको बताउँछन् । विभिन्न कारणले समस्या सतहमा नदेखिएको उनको बुझाइ छ । “यस्तो समस्या नेपाली चलचित्र उद्योगमा आजको होइन, सदियौँदेखिको हो,” उनी भन्छन्, “पहिला दबाएर राख्थे, अहिले बाहिर आएको हो । अनमोल (केसी) र सुदर्शन (थापा)को घटना बाहिर आएर धेरैलाई नयाँ लागेको मात्रै हो ।”

यस्ता समस्या बाहिर आउँदा समग्र चलचित्र उद्योगलाई नै दीर्घकालीन असर पर्ने उनी बताउँछन् । “यस्ता घटना बाहिर आउँदा कलाकार र चलचित्र उद्योगलाई नै असर गर्छ,” उनी भन्छन्, “ठगी, विश्वासघात र आपराधिक घटना बाहिर आउँदा कलाकारप्रति दर्शक तथा आमजनताले हेर्ने नजर नै फरक पर्छ ।” काम गर्ने क्रममा भएका घटना बाहिर ल्याउन नहुने उनको धारणा छ । सम्बन्धित संघसंस्थाको मध्यस्थतामा समाधान खोज्नुपर्नेमा उनी जोड दिन्छन् । संस्थाभित्र समाधान खोज्नुपर्छ भन्ने जागरुकता नरहेको अध्यक्ष मोहन बताउँछन् । केही कलाकारमा समस्या रहेको चलचित्र निर्माता संघले जनाएको छ । अग्रिम ‘पेमेन्ट’ लिएर चलचित्रमा काम गर्ने र कतिपयले पूर्वनिर्धारित समयमा कामै नगर्ने समस्या रहेको सो संघका अध्यक्ष नवल खड्का बताउँछन् । “केही कलाकारमा निर्मातासँग पारिश्रमिक लिने तर काम नगर्ने समस्या देखिएको छ । हामीले पनि केही यस्ता समस्या संघमै मिलाएर पनि पठाएका छौं,” अध्यक्ष खड्का भन्छन्, “यो समस्या विशेष गरी ‘शो कल्ड स्टार’मा छ, अरू धेरैमा छैन ।” धेरै निर्माता एकै व्यक्तिका पछि लाग्दा पनि समस्या देखिने गरेको उनको भनाइ छ । आफूसँग रहेको समयका लागि मात्र कलाकारले निर्मातासँग सम्झौता गर्नुपर्ने उनी बताउँछन् । “निर्मातालाई दुःख दिने, समयमा काम गर्न नआइदिने प्रवृत्ति हाम्रोमा छ,” नवल भन्छन्, “साइनिङ अमाउन्ट लिएपछि जसरी पनि आफूले दिएको समयमा सेटमा पुग्नुपर्छ ।”

आफू व्यस्त भए सुरुमै निर्मातालाई जानकारी गराउनुपर्नेमा उनी जोड दिन्छन् । “समय छैन भने सुरुमै स्पष्ट भन्नुपर्छ । कुन मितिबाट आउन सक्ने हो, सुरुमै भन्नुपर्छ । कहिलेकाहीं दुई/चार दिन तलमाथि हुनु छुट्टै कुरा हो, तर महिनौंसम्म भ्याउँदिनँ भन्ने र तिम्रो काम गर्दिनँ भन्न सम्झौता भइसकेपछि पाइँदैन,” उनी भन्छन्, “चलचित्र छायांकनको सँघारमा आएर काम गर्दिनँ भन्दा निर्माताले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्छ ।” अरू कलाकार, प्राविधिक, छायांकनका लागि चाहिने क्यामेरालगायत उपकरणका निम्ति निर्माताले रकम दिइसकेको हुन सक्ने उनको भनाइ छ । “छायांकनमा जाँदासम्म निर्माताको ५० लाखदेखि एक करोड रुपैयाँसम्म खर्च भइसकेको हुन्छ,” उनले भने । अप्ठ्यारोमा परेका व्यक्ति संघसंस्थामा आए प्रहरी र अदालतसम्म पुग्नै नपर्ने नवल बताउँछन् । “सुदर्शन थापाकै सिनेमा सेटमा पुगेपछि विपीन कार्कीले विविध कारणले छोडे, पछि निर्माता संघले कार्यालयमा दुवै पक्षलाई बोलाएर छायांकनको मिति नै तोकेर सहमति गराएर पठायौं,” उनी भन्छन्, “समस्या छ, कहिलेकाहीं काम गर्ने क्रममा यस्तो समस्या हुन्छ पनि । तर, सम्बन्धित संघसंस्थामा जाने हो भने अड्डा-अदालत जानै पर्दैन । आफ्नै संस्थाभित्र सहमति जुट्छ ।” चलचित्र निर्माता तथा निर्माता संघका महासचिव सुनीलकुमार थापा केही कलाकारमा समयका विषयमा समस्या देखिएको बताउँछन् । समयसँगै जोडिएर अरू विषय देखापर्ने उनको भनाइ छ ।

*-बाह्रखरी डटकम*

# ‘दर्शकको रुचिलाई हामी फिल्मकर्मीले बुझ्न सकेका छैनौं’



अभिनेत्री वर्षा सिवाकोटी जति सुन्दर छिन्, अभिनय कौशलमा पनि उत्तिकै प्रतिभाशाली छिन् । करिब एक दशकअघि ‘नाइँ नभन्नु ल २’ बाट नेपाली फिल्ममा डेब्यु गरेकी उनी त्यसको एक वर्षपछि रिलिज भएको ‘पशुपतिप्रसाद’ बाट सबैको नजरमा परिन् । अर्थात् उनी यो फिल्मबाट नेपाली फिल्म क्षेत्रमा स्थापित भइन् । उनको अभिनय यात्रा त्यसपछि निरन्तर अघि बढिरहेको छ । हालसम्म एक दर्जनजति फिल्ममा अभिनय गरिसकिन् भने थुप्रै म्युजिक भिडियोमा समेत उनी देखिइन् । तर उनकै भनाइअनुसार वर्षा आफ्नो फिल्मी यात्रामा खास सन्तुष्ट हुने अवस्थामा भने पुगिसकेकी छैनन् ।

गफ स्टेसनमा अन्तर्वार्ताका लागि आइपुगेकी वर्षाले आफ्नो फिल्मी करिअर, सपना, अपेक्षादेखि सम्बन्ध सम्मका कुरा गरिन् । ‘हुन त आफ्नो कामबाट कोही पनि पूर्ण सन्तुष्ट हुन सक्दैन, हुनु पनि हुँदैन,’ वर्षा भन्छिन्, ‘सोचेजस्तो सबै फिल्म सफल पनि हुँदैनन् र हरेक ब्यानरमा सबै जना अटिँदैन पनि । पशुपतिप्रसादबाटै मलाई अहिले पनि धेरैले चिन्नुहुन्छ । यो एक हिसाबले खुसीको कुरा पनि हो । तर यसको ह्याङ्लाई मेट्नुपर्ने समय चाहिं आयो भन्ने लाग्छ ।’ वर्षाको पनि मुख्य भूमिका रहेको फिल्म ‘परदेशी २’ रिलिजको संघारमा छ । यही असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्ममा प्रकाश सपुत र केकी अधिकारी शीर्ष भूमिकामा छन् । नारायण रायमाझी निर्देशित फिल्मको यतिबेला काठमाडौं उपत्यकाबाहिरका सहरहरुमा प्रचार अभियान चलिरहेको छ । प्रचारप्रसारको यो अभियानमा फिल्मको सिंगो टिम हिंडिरहेको बेला वर्षा भने छुटेकी छन् । उनी प्रचारमा त छिन्, तर उपत्यकामा ‘एक्लै’ । यसमा के भएको हो ? गफ स्टेसनमा वर्षालाई सोधियो । ‘मेरो सामेल हुने बेला भर्खर आउँदैछ । यसमा यस्तै प्लानिङ थियो पूर्व र पश्चिम गरेर दुई चरणमा पब्लिसिटी गर्ने । पहिलो चरणमा सर्टेन कलाकार जाने र अर्को चरणमा बाँकी कलाकारहरु जाने । त्यही भएर म त्यहाँ नदेखिएको हो । सेकेण्ड फेजमा म जाने हो,’ वर्षाले प्रष्ट्याउने कोसिस गरिन् ।

यद्यपि बागलुङमा केही दिनअघि फिल्मको ग्रान्ड प्रिमियर नै गरियो । सबै कलाकार त्यहाँ पुग्दा फिल्मी शीर्षमध्येकी एक कलाकार वर्षालाई आमन्त्रण नै गरिएन । ‘बागलुङमा गरिएको प्रिमियरमा मलाई नबोलाउनुको खास कारण चाहिं थाहा भएन । छोटो समयमा यो सबै भएकाले नभ्याएर त्यसो गरिएको पनि हुन सक्छ । लास्ट आवरमा प्लानिङ भएको भएर नभ्याइएको होला,’ उनी भन्छिन्, ‘यसबारे टिमसँग भेटघाट गरेपछि थाहा होला ।’ ‘परदेशी २’ मा परदेशमा भेटिने एक पात्रको भूमिका छ रे वर्षाको । ‘पशुपतिप्रसाद’पछि उनको करिअरमा एक किसिमको ‘ग्याप’ नै छ । फिल्म लगातारजसो आइरहे पनि हिट फिल्म हातमा छैनन् । त्यसैले ‘परदेशी २’ बाट वर्षा निकै आशावादी छिन् ।

यो फिल्म सफल भएको खण्डमा आफ्नो करिअरमा पनि एउटा अर्को इँटा थपिने उनको बुझाइ छ । ‘पशुपतिप्रसाद आजको दिनसम्म पनि ताजा पात्र हो । दर्शकहरुको मनमनमा बसेको फिल्म भएकाले त्यो फिल्मलाई सम्झिनुहुन्छ सबैले । अब परदेशी २ ले मेरो करिअरमा अर्को इँटा थप्ला भन्ने लाग्छ,’ आशावादी हुँदै वर्षा भन्छिन्, ‘परदेशी २ ले जुन हाइप बनाइरहेको छ । प्रकाश सपुत र नारायण रायमाझीको सांगीतिक क्षेत्रको फ्यान फलोइङले पनि व्यावसायिक सफलता पाउनेमा म विश्वस्त छु ।’ गफ स्टेसनको बसाइमा वर्षाले नेपाली फिल्मका विभिन्न पाटाको पनि कुरा गरिन् । नेपाली फिल्मले सोचेजस्तो सफलता नपाउनुमा ‘फिल्म मेकर्स’ नै दुविधामा रहनु एउटा कारण रहेको उनलाई लाग्छ । ‘दर्शकलाई खास के मन पर्छ भन्नेमा हामी मेकर्स नै कन्फ्युज छौं जस्तो लाग्छ । विश्वभरका फिल्महरु दर्शकले हेर्नहुन्छ र सोहीअनुसार अपेक्षा पनि राख्नुहुन्छ,’ उनी भन्छिन्, ‘प्राविधिक रुपमा हामी अलि पछि नै छौं । किनकि हाम्रो बजेटले नै धेरै कुरा भ्याउँदैन । बाहिरको जस्तो एक्सपेरिमेन्टल फिल्म बनाउँदा हामी चुक्छौं । स्थानीय कथावस्तुको अर्गानिक फिल्म नै तुलनात्मक रुपमा चलिरहेका छन् । हामी त्यसमा नै फोकस्ड हुनुपर्छ जस्तो लाग्छ । हाम्रो आफ्नै शैली बनाउनुपर्छ ।’ फिल्म क्षेत्र सरकारको प्राथमिकतामा नपरेको पनि उनलाई लाग्छ । सरकारले फिल्म क्षेत्रलाई प्राथमिकतामा नराख्दा सोचेजस्तो प्रगति हुन नसकेको उनको बुझाइ छ ।

कलाकारलाई विभिन्न खालको भूमिकामा आफूलाई अब्बल साबित गर्न मन लाग्छ । वर्षाले पनि धेरै खालका भूमिकामा आफूलाई प्रस्तुत गरिन् । अब उनलाई केमा रुचि छ त ? ‘बायोपिक फिल्ममा काम गर्न मन छ अब । समाजलाई योगदान दिएका कोही व्यक्तिको जीवनी निर्वाह गर्न मन छ,’ वर्षाको जवाफ छ । आफ्नो कामबाहेक मानिसलाई अन्य विभिन्न कुरामा रुचि हुन्छ । मान्छेका धेरैवटा सौख हुन्छन् । वर्षालाई क्रिकेट हेर्न निकै मन पर्छ । त्यसैले उनी केही समयअघि सम्पन्न एसीसी क्रिकेट हेर्न श्रीलंका पुगिन्, जहाँ नेपाल र भारत भिड्दै थिए । आफ्नो देश नेपालको टिमलाई हौसला बढाउन उनी श्रीलंका पुगिन् । ‘नेपाल र इण्डियाको गेम हुँदैछ, धेरै नेपाली श्रीलंका जाँदै हुनुहुन्छ भन्ने भएपछि त्यही पुगेर हेरौं न भन्ने भयो र म पनि गएँ । त्यहाँ पुगेर हेर्दा देशप्रेम अझ उजागर हुने रहेछ र गर्वको अनुभूति हुने रहेछ । सोसल मिडियामा रेस्पोन्स आउँदा धेरै रमाइलो पनि लाग्यो । इण्डियन युट्युबरले केही प्रश्न गर्नुभएको थियो । त्यो भाइरल पनि भएछ,’ श्रीलंकामा गएर क्रिकेट हेर्दाको अनुभव वर्षा सुनाउँछिन् । वर्षा यदाकदा आफ्नो व्यावसायिकभन्दा बढी निजी जीवनका कारण पनि चर्चा आइरहेकी हुन्छिन् । यस्तोमा उनको विवाह र सम्बन्ध विच्छेद दुवै घटनाक्रम पनि कला-मनोरञ्जन मिडियाका हेडलाइन बने । गत वर्ष विवाह बन्धनमा बाँधिएकी वर्षा त्यसको नौ महिना नपुग्दै मुक्त भइन् । यसबारे पनि गफ स्टेसनमा केही कुरा सुनाइन् । ‘सम्बन्ध टुट्नुमा सायद खराब समय कारण थियो होला । समय खराब चलिरहेको बेला मान्छे चिन्न पनि सकिनँ होला,’ उनी भन्छिन्, ‘सायद यो घटना जीवनलाई केही पाठ पढाउन आएको रहेछ भनेर बुझेको छु ।’ वर्षाले आफ्नो वैवाहिक जीवन छोटो समयमै टुटेपछि महसुस गरेको कुरा हो सम्बन्धलाई व्यक्तिगत र सामाजिक दुई किसिमले अगाडि बढाउनुपर्ने रहेछ । ‘कसैसँगको प्रेम सम्बन्ध व्यक्तिगत हुन्छ भने विवाहमा पुगेपछि त्यो सामाजिक पनि हुन पुग्छ । सामाजिक सम्बन्धमा चाहिं एउटा मात्रै कुराले प्रभाव पार्दैन । यसमा धेरै कुरा हुन्छ । हेर्दाखेरि एउटा मात्रै पाटो हेर्नुभएन धेरै कुरा हेर्नुपर्छ,’ वर्षाको बुझाइ छ, ‘कसैसँग रिलेसन गाँस्दा आफ्नो करिअर, सोच र विचारमा के फरक पार्छ भन्ने कुरालाई मूल्यांकन गरेर मात्रै अघि बढ्नुपर्ने रहेछ भन्ने कुरा सिकें ।’

गफ स्टेसनको बिट मार्नेबेला वर्षाले समाज र राज्यका पनि केही कुरा गरिन् । बढ्दो महंगी र आर्थिक मन्दी आम नागरिकलाई मर्का परिरहेकोमा उनी चिन्तित बनिन् । ‘चाडबाड आउन लागेको छ । सबैमा खुसीको माहोल छ,’ वर्षा भन्छिन्, ‘अहिले महंगी र आर्थिक संकटको कुरा आइरहेको छ । यसमा आम जनतामा धेरै मर्का नपारीकन व्यवस्थित रुपमा समाधान गर्दै अघि बढे चाडबाडको समय सबैलाई राम्रो हुनेथियो । सबैको दशैं-तिहार सुखमय हुन सक्छ ।’

*कलाकारलाई विभिन्न खालको भूमिकामा आफूलाई अब्बल साबित गर्न मन लाग्छ । वर्षाले पनि धेरै खालका भूमिकामा आफूलाई प्रस्तुत गरिन् । अब उनलाई केमा रुचि छ त ? ‘बायोपिक फिल्ममा काम गर्न मन छ अब । समाजलाई योगदान दिएका कोही व्यक्तिको जीवनी निर्वाह गर्न मन छ,’ वर्षाको जवाफ छ ।*

*-अनलाइन खबर डटकम*

# दुर्लभ चराको बासस्थान बन्दै रेसुङ्गा–मदाने वन



**गुल्मी,** असोज १६/"रेसुङ्गा र मदाने संरक्षित वन क्षेत्र दुर्लभ चराको मुख्य बासस्थान बन्दै गएको छ", नेपाल पंक्षी संरक्षण संघ गुल्मीका परियोजना अधिकृत भरत पन्थीले भने, "विश्वमा पाइने दुर्लभ चरामध्ये यहाँ छ प्रजाति भेटिएका छन् ।"

रेसुङ्गा वन संरक्षित क्षेत्रमा चिरकालीज, रणमच्च महाचिल, डंगर गिद्द, सोतो गिद्द, सुन गिद्द र गोमायो महाचिल तथा मदाने क्षेत्रमा गोमायु महाचिल, सुन गिद्द, सेतो गिद्द, डंगर गिद्दल, कस्मेरी मट्टा र काँडेभ्याकुर लगायतका दुर्लभ चरा भेटिएको उनले बताए । यी संरक्षित क्षेत्रमा नेपालमा मात्र पाइने काँडेभ्याकुर पनि भेटिएको उनले जानकारी दिए । नेपालमा पाइने आठ सय ९२ प्रजातिमध्ये गुल्मीमा मात्रै ३५ प्रतिशत रहेको उनको भनाइ छ । संघको गणनाअनुसार रेसुङ्गामा दुई सय ५९ प्रजाति र मदाने क्षेत्रमा दुई सय ७२ प्रजातिका चरा फेला परेका छन् । यी दुवै क्षेत्रमा गरी विभिन्न तीन सय पाँच प्रजातिका चरा भेटिएको संघको भनाइ छ । नेपालमा मात्र पाइने काँडेभ्याकुरको संरक्षण अति आवश्यक भएको भन्दै चराको बासस्थान जोगाउन जनप्रतिनिधिको भूमिका थप महत्वपूर्ण हुने डिभिजन वन कार्यालय गुल्मीका प्रमुख जीवन पङ्गेनीको भनाइ छ ।

संघले जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रममार्फत दुर्लभ चराको खोजी गर्दै आइरहेको छ । कार्यक्रमले यी वन क्षेत्रसँग जोडिएका स्थानीयका लागि वन संरक्षण र सम्वर्द्धनसँगै जीविकोपार्जनका क्षेत्रमा लागि काम गरिरहेको छ । संस्थाले विगत छ वर्षदेखि यी दुई वन संरक्षण क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दै आएको हो । रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले गुल्मीलाई चरा पर्यटनको गन्तव्यका रुपमा विकासका लागि जैविक विविधता संरक्षण, वातावरण र वन क्षेत्रको दिगो विकासमा स्थानीय तहवाट आवश्यक सहयोग गर्ने बताए । नेपाल पंक्षी संरक्षण संघले डढेलो, विद्युतीय प्रशारण लाइन र वन्यजन्तु एवं चराचुरुङ्गीको अवैध सिकार लगायतका समस्यालाई चरा संरक्षणको चुनौतीका रुपमा लिएको छ । *–रासस*

# सेन्ट कपितानियो स्कुलले गऱ्यो विजेता विद्यार्थीलाई सम्मान



**कृष्ण पोखरेल**

**पाल्पा,** असोज १६/सेन्ट कपितानियो स्कुल तानसेन पाल्पाद्वारा पदक विजेता विद्यार्थीलाई सम्मान गरेको छ । श्रीनगर हबको आठौं कन्भेन्सनमा सहभागी भई विभिन्न विधामा प्रथम तथा द्वितीय भई पदक विजेतालाई सम्मान गरेको हो ।

स्कुलको तर्फबाट कथा लेखनमा सिनियरतर्फ संज्ञालक्ष्मी खड्का प्रथम र विनुमाया ढेंगा द्वितीय भएकी थिइन् । त्यसैगरी कथा लेखन जूनियर तर्फ यशश्री थापा प्रथम र आलब पाण्डे द्वितीय भएका थिए । यस्तै हाजिरी जवाफ तर्फ अविरल पराजुलीले प्रथम र दिवस रायमाझीले द्वितीय स्थान प्राप्त गरेका थिए । कोलाजतर्फ स्वेच्छा मल्ल प्रथम र करिना रायमाझी द्वितीय भएकी थिइन् । माइन्ड गेमतर्फ शैली बस्याल प्रथम र कुञ्जन सोमै द्वितीय भएका थिए । यसैगरी आर्ट जुनियरतर्फ क्रिष्टिना नेपाल प्रथम र अधिराज श्रेष्ठ द्वितीय भएका हुन् । प्रतियोगितामा विजेता तथा सहभागी विद्यार्थीहरुलाई करुणा सेवा समाजका अध्यक्ष कृष्णबहादुर बोगटी, विद्यालय व्यवस्थान समिति अध्यक्ष सागरमान महर्जन, विद्यालयकी प्रिन्सिपल सिष्टर ऐनिस जोसेफ, सहायक प्रिन्सिपल सिष्टर लिलियन लगायतले पुरस्कार वितरण गरेका थिए । विद्यालयले सोमबार विद्यालय परिसरमा एक कार्यक्रमको आयोजना गरी सम्पूर्ण विद्याथीहरुमा अरिरिक्त क्रियाकलापमा हौसल्ला बढाउन तथा आगामी दिनमा धेरै भन्दा धेरै विद्यार्थीहरुलाई सहभागी गराउन सम्मान गरिएको प्रिन्सिपल ऐनिस जोसेफले बताइन् । पुरस्कार वितरण कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक कृष्ण खत्रीले गरेका थिए ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

खेलकुद समाचार

# क्रिकेटमा नेपाल भारतसँग पराजित



**काठमाडौं,** असोज १६/चीनको हान्झाउमा जारी १९औं एसियाड अन्तर्गत पुरुष क्रिकेटको क्वाटरफाइनलमा नेपाल भारतसँग पराजित भएको छ । हान्झाउस्थित जेजिएङ युनिभर्सिटी अफ टेक्नोलोजी क्रिकेट फिल्डमा मंगलबार भएको खेलमा नेपाल भारतसँग २३ रनले पराजित भएको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर २०२ रन बनाएको थियो । जवाफमा नेपालले पूरै २० ओभर खेल्दा ९ विकेट गुमाएर १७९ रन मात्र बनाउन सक्यो । नेपालले बलिङमा अन्तिम ओभरमा २५ रन खर्चिएको थियो । त्यो महँगो ओभरमा मात्रै भारतका रिंकु सिंहले दुई चौका र दुई छक्का हानेका थिए । नेपालका लागि दीपेन्द्र सिंह ऐरीले १५ बल खेल्दै ४ चौका मदतमा सर्वाधिक ३२ रन बनाए । यस्तै सन्दिप जोरा र कुशल मल्लले समान २९ रन बनँए । जोराले १२ बलमा १ चौका र ३ छक्का प्रहार गर्दा २२ बल खेलेका कुशल मल्लले २ चौका र २ छक्का प्रहार गरे । कुशल भुर्तेलले ३२ बल खेल्दै ४ चौका र १ छक्का मदतमा २८ रन जोडे । आसिफ शेखले ६ बलमा १० रन बनाए । कप्तान रोहित पौडेल ३, सोमपाल कामी ७, गुल्शन झा ६ र सन्दीप लामिछाने ५ रनमा आउट भए । करण केसी रनमा अविजित रहे । भारतका लागि रवि बिश्नोईले ४ ओभरमा २४ रन खर्चेर ३ विकेट लिए । र आभेष खानले ४ ओभरमा ३२ रन खर्चेर ३ विकेट लिए । अर्शदिप सिंह २ तथा साई किशोरले १ विकेट लिए । त्यसअघि ओपनर यशस्वी जैसवालले शतक प्रहार गर्दा भारतले २०२ रन बनाएको थियो । जैसवालले ४९ बल खेल्दै ८ चौका र ७ छक्का मदतमा १०० रन बनाए । उनले कप्तान रुतुराज गाएकवाडसँग पहिलो विकेटका लागि शतकीय साझेदारी गर्दै सानदार सुरुवात दिलाएका थिए । पहिलो विकेटका लागि यो जोडीले १०३ रनको साझेदारी गरेका थिए । भारतले पावर प्लेमै विना क्षती ६३ रन बनाएको थियो । दीपेन्द्र सिंह ऐरीले १०औं ओभरमा उक्त साझेदारी तोड्दै नेपाललाई पहिलो सफलता दिलाएका थिए । दीपेन्द्रले भारतका कप्तान रुतुराज गाएकवार्डलाई १०औं ओभरको पाँचौ बलमा कप्तान रोहितबाट डिप मिडविकेटमा क्याचआउट गराए । गाएकवाडले २५ बल खेल्दै ४ चौका मदतमा २३ रन बनाए । त्यसपछि नेपालका सोमपाल कामीले भारतका तिलक वर्मालाई १२औं ओभरको चौथो बलमा बोल्ड गर्दै दोस्रो सफलता दिलाएका हुन् । तेस्रो नम्बरमा ब्याटिङ गरेका तिलक १० बलमा २ रन बनाएर आउट भए । लगत्तै १३ औं ओभरको पाँचौ बलमा सन्दीप लामिछानेले भारतका जितेश शर्मालाई कट एण्ड बोल्ड गर्दै नेपाललाई तेस्रो सफलता दिलाएका थिए ।

अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा दोहोरो अंकको गिरावट



**पाल्पा,** असोज १६/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट भएको छ । मंगलबारको कारोबारमा नेप्से परिसूचक १७ दशमलव ५६ अंकले गिरावट भएर एक हजार नौ सय ५८ दशमलव ७२ को बिन्दुमा कायम भएको हो ।

विभिन्न कम्पनीका दुई सय ८१ कम्पनीको ३९ लाख ६५ हजार नौ सय १७ कित्ता शेयर ५५ हजार ९६ पटक खरिदबिक्री हुँदा रू एक अर्ब १९ करोड ९१ लाख एक हजार तीन सय २४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । सबै समूहको उपसूचक रातो देखिँदा सबैभन्दा धेरै व्यापार समूह एक दशमलव ४७ र जलविद्युत समूहको उपसूचक एक दशमलव ३८ प्रतिशतले घटेको छ । त्यस्तै, बैंकिङ शून्य दशमलव ६१, विकास बैंक एक दशमलव २२, वित्त एक दशमलव २७ र होटल तथा पर्यटन समूह एक दशमलव २३ प्रतिशतले घटेको छ । लगानी समूहको उपसूचक शून्य दशमलव ९३, जीवन बीमा शून्य दशमलव ८२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७२, लघुवित्त शून्य दशमलव ८५, म्युचुअल फन्ड शून्य दशमलव ८०, निर्जीवन बीमा शून्य दशमलव ६९ र अन्य समूहको उपसूचक एक दशमलव ०५ प्रतिशतले घटेको छ । समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै सात दशमलव ९१ प्रतिशतको वृद्धि देखिएको छ । सबैभन्दा धेरै शेयर मूल्य घट्नेमा भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ५४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रू पाँच करोड ५९ लाख ७० हजार छ सय ५२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने नविल ब्यालेन्स फन्ड-२ को एक लाख ८१ हजार आठ सय ४९ कित्ता शेयर किनबेच भएको छ ।

**बालअधिकारप्रति संवेदनशील बनौं ।**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौ, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

***बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।***



नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई